पत्र संख्या (Letter No.): २०८२/०८३ मिति (Date): २०८३/०१/०९

चलानी नं. (Ref. No.): ५३२

विषयः-श्रम संसार प्रणालीमा आबद्ध हुने सम्बन्धी सूचना ।

श्री निजी क्षेत्र/ रोजगारदाता सबै ।
श्री गैरसरकारी संस्था सबै ।
श्री जब एजेन्सी तथा तालिम प्रदायक संस्था सबै ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र सं. २०८२/०८३ च.नं. ५५ मिति २०८३/०१/०४ को पत्र अनुसार सार्वजनिक सेवामा डिजिटलाईजेसन गरी श्रम र रोजगारसंग सम्बन्धित सार्वजनिक सेवाहरु श्रम संसार नामक वेबपोर्टल मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट संचालन गर्नु पर्ने भएकोले यस गाउँपालिकामा रहेको निजी क्षेत्र, रोजगारदाता, गैरसरकारी संस्था, जब एजेन्सी तथा तालिम प्रदायक संस्था, र रोजगार खोजकर्ता मिति २०८३/०१/१५ गते भित्र श्रम संसार प्रणालीमा अनिवार्य रुपमा आवद्ध भई श्रम तथा रोजगार सम्बन्धि सुचना, रोजगारी तथा तालिमका अवसरहरु उक्त प्रणाली मार्फत अनिवार्य रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

श्रम संसार प्रणालीमा आवद्ध हुनको लागि श्रम संसारको वेबसाइट www.shramsansar.gov.np रहेको छ ।

.................................
विजय कुमार चौरसिया
प्रमुख प्रशारकिय अधिकृत

विजय कुमार चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- ५५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८३।०१।०४
नेपाल सम्वतः ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

विषयः श्रम संसार प्रणालीमा आबद्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरुलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्बन्धित सरोकारवालाहरुलाई उक्त प्रणालीमा आवद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जव एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आह्वान गर्ने र श्रम तथा रोजगार सम्बन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८३।०१।०४
..............................
उत्तम शर्मा
शाखा अधिकृत

२०८३/०१/०५

दर्ता नं. ९२२६
मिति २०८३/०१/०५